बैठक नं. ०८/२०८१/०८२

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

आज मिति २०८१ माघ १५ गते आइतबारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीको उपस्थितिमा बैठक बसी तपशील अनुसारका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | फोन नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | ९८५१०९९१५६ | |
| २ | श्री विपना कुलुङ | उपाध्यक्ष | ९८६९५७८६८६ | |
| ३ | श्री पर्खिधन राई | १ नं. वडा अध्यक्ष | ९८६२८५७४०१ | |
| ४ | श्री प्रदिप राई | २ नं. वडा अध्यक्ष | ९८६२७५९११० | |
| ५ | श्री दुर्गा बहादुर राई | ३ नं. वडा अध्यक्ष | ९८४२९९९३३४ | |
| ६ | श्री सरस्वती राई | ४ नं. वडा का.वा. अध्यक्ष | ९८४२८१५१६३ | |
| ७ | श्री ~~महल सिं राई~~ सुर्य कुमार राई | ५ नं. वडा का. वा. अध्यक्ष | ~~९८४२९०४६६२~~ | |
| ८ | श्री सिद्धिमनि कुलुङ | कार्यपालिका सदस्य | ९८६२३१३८३५ | |
| ९ | श्री सितामाया वि.क. | कार्यपालिका सदस्य | ९७४९७१७६९३ | सिता बिक |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | ९७४२५६४३०७ | चस्मिता |
| ११ | श्री निर कुमारी कुलुङ | कार्यपालिका सदस्य | ९८४२८१९७१२ | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | ९८४४१५८७०० | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | ९८६०८८७७५० | |
| १४ | श्री खरिधन राई | नि. प्र.प्र.अ. | ९८५२८२४४०० | |

खरिधन राई
प्रमुख प्रशासकीय अधिकृत

बैठक नं. ०८/२०८१/०८२

प्रस्ताव तथा निर्णयहरु

| सि.नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | वैदेशिक भ्रमण स्वीकृत गर्ने सम्बन्धमा । | यस महाकुलुङ गाउँपालिका वडा नं. २ का वडा अध्यक्ष श्री प्रदिप राई र वडा नं. ५ का वडा अधयक्ष श्री महल सिं राईलाई Project 100 द्वारा 5th Global change makers awards अन्तर्गत community and social welfare विधामा अवार्ड प्रदान गर्ने भएकोमा वहाँहरुलाई हार्दिक वधाई ज्ञापन गर्दै सो अवार्ड ग्रहणको लागि गाउँपालिकालाई आर्थिक दायित्व नपर्ने गरी वहाँहरुको क्वाला लमपुर, मलेसियासम्मको वैदेशिक भ्रमण स्वीकृत गरी अन्य आवश्यक प्रकृयाको लागि सिफारिस गरी पठाउने निर्णय गरियो । |
| २ | प्रहरी चौकीको लागि प्रतिवद्धता गर्ने सम्वन्धमा । | क) यस महाकुलुङ गाउँपालिकाको वडा नं. ४ र ५ कार्यक्षेत्र हुने गरी प्रहरी चौकी स्थापना गर्ने निर्णयको लागि जिल्ला सुरक्षा समितिमा अनुरोध गरी पठाइएकोमा उक्त प्रहरी चौकी स्थापनाको लागि प्रहरी चौकीको आफ्नो भवन स्थापना भएको सम्मको लागि घरभाडा, पानी विजुलीको महशुल, सवारी साधनको व्यवस्था लगायतका दायित्व यस महाकुलुङ गाउँपालिकाले नै व्यहोर्ने निर्णय गरी प्रतिवद्धता गर्ने निर्णय गरियो ।<br>ख) बुङ प्रहरी चौकीलाई प्रहरी निरीक्षक (इन्स्पेक्टर) को दरवन्दी सहितको ईलाका प्रहरी कार्यालयमा स्तरोन्नतिको लागि आफ्नो भवन निर्माण भएसम्मको लागि चाहिने सम्पूर्ण घरभाडा लगायतको पूर्वाधारको दायित्व गाउँपालिकाले व्यहोर्ने निर्णय गरी प्रतिवद्धता गर्ने निर्णय गरियो । |
| ३ | कार्यालय भवन व्यवस्थापन गर्ने सम्बन्धमा । | यस महाकुलुङ गाउँपालिकाको नयाँ भवन निर्माणको लागि जग्गा सम्याउने, निर्माण कार्य गर्ने लगायतका लागि जग्गा खाली गर्नुपर्ने, निर्माण कार्य हुँदा हाल संचालनमा रहेको भवनलाई क्षति पुग्न सक्ने, दैनिक कार्य गर्न असहज हुने साथै वाउन्ड्री वाल निर्माणको लागि सम्पूर्ण जग्गा नै खाली गर्नुपर्ने भएकोले हालको कार्यालय भवनलाई भत्काउने र भत्केको भवनको कवाडी सामान लिलाम बढाबढमा गर्ने साथै सो भत्काउने कार्यको लागि प्राविधिक लागत अनुमान अनुसारको रकम वजेट गाउँपालिकाको प्रशासकीय भवनको कन्टेन्जिन्सीबाट व्यवस्थापन गर्ने निर्णय गरियो । |
| ४ | लागत सहभागिता सम्बन्धमा | नेपाल पर्यटन वोर्डले "मुद्धि खोङ्मादिङ मेरा पिक पदमार्ग स्तरोन्नती" शिर्षकमा चालु आवमा कार्यान्वयन गर्नको लागि रु. १५ लाख वजेट विनियोजन भई जम्मा लागतको २० प्रतिशत लागत सहभागिता गाउँपालिकाबाट हुनुपर्ने भनी पत्र प्राप्त भएकोले गाउँपालिकाको हिस्सामा पर्ने लागत सहभागिताको सुनिश्चितता गर्ने निर्णय गरियो । |
| ५ | विदा स्वीकृत गर्ने सम्बन्धमा । | यस महाकुलुङ गाउँपालिका अन्तर्गत कार्यरत सि.अ.हे.व. पाँचौ तहमा कार्यरत श्री जितेन्द्र राईले आफ्नो व्यवहारिक कारण देखाई असाधारण विदा माग गरेकोमा कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १८१ मा भएको व्यवस्था वमोजिम एकपटकमा १ वर्षसम्मको विदा दिन सकिने र सोही |

| | | |
|---|---|---|
| | | ऐनको दफा १२४ मा वमोजिम असाधारण विदा गाउँ कार्यपालिकाले स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको हुदा निजको विदा स्वीकृत गर्ने निर्णय गरियो । |
| ६ | बुदुम खोला पुलको वजेट सम्बन्धमा | महाकुलुङ गाउँपालिकाको वडा नं. ५ मा निर्माण हुने बुदुमखोला मोटर पुल निर्माण शिर्षकमा भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास कार्यालय ओखलढुंगा अन्तर्गत चालु आ.व. २०८१-८२ मा रु. २५ लाख वजेट विनियोजन भएकोमा उक्त पुल निर्माणको ठेक्का सम्झौता भईसकेको तथा महाकुलुङ गाउँपालिकाले क्रमागत योजना अन्तर्गत समावेश गरिएकोले उक्त विनियोजित वजेट रकम रु. २५ लाख महाकुलुङ गाउँपालिकालाई सशर्त वजेटको रुपमा प्राप्त हुने गरी प्रदेश सरकारबाट निर्णय गराई सहयोग तथा गर्नको लागि भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेशलाई अनुरोध गरी पठाउने निर्णय पारित गरियो । |
| ७ | करार सेवाका कर्मचारीको करार सेवा नवीकरण गर्ने सम्बन्धमा । | यस महाकुलुङ गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुको २०८२ असार मसान्त सम्मको लागि म्याद थप गरी करार सेवा नवीकरण गर्ने निर्णय गरियो । |
| ८ | वडा कार्यालयहरुको भवन मर्मत गर्ने सम्बन्धमा । | यस महाकुलुङ गाउँपालिका वडा नं. ४ र ५ को वडा कार्यालय भवनहरुको आवश्यक मर्मतको लागि मिति २०८१ कार्तिक ११ को कार्यपालिकाले निर्णय गरी कार्यलयबाट सम्वन्धित निकायलाई पत्राचार गरिएकोमा निर्माण कम्पनीबाट हालसम्म कुनै प्रतिक्रिया प्राप्त नभएकोले DLP अन्तर्गतको मर्मत सम्भार गरी ठेकेदारको धरौटी वापतको रकमबाट कट्टी गरी भुक्तानी गर्ने निर्णय गरियो । |
| ९ | न्यायिक समितिको सदस्यमा मनोनय गर्ने सम्बन्धमा । | महाकुलुङ गाउँपालिकाको न्यायिक समितिमा सदस्य रहेका देव नारायण राईले राजिनामा दिनुभएकोले सो रित्त सदस्यमा वडा नं. ४ का वडा अध्यक्ष सरस्वती राईलाई मनोनयन गर्ने निर्णय गरियो । |
| १० | कार्यविधि पारित गर्ने सम्बन्धमा । | यस महाकुलुङ गाउँपालिकाको "अनुदान व्यवस्थापन कार्यविधि, २०८१" पारित गरियो । |
| ११ | LISA को नतिजा सार्वजनिक गर्ने सम्बन्धमा । | यस महाकुलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) को नतिजा ६१.५% आएकोले सो प्राप्तांक अनुमोदन गरी नतिजा सार्वजनिक गर्ने निर्णय गरियो । |

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| १२ | संघीय विशेष अनुदानको क्रमागत कार्यक्रमलाई निरन्तरता दिने सम्बन्धमा | चालु आ.व. २०८१।८२ मा संघीय विशेष अनुदान वापत बाल मृत्युदर र मातृ मृत्युदर घटाउनका लागि महाकुलुङ प्राथमिक अस्पतालमा CEONC कार्यक्रम सञ्चालन कार्यक्रम शिर्षकमा रु. ५० लाख वजेट प्राप्त भएकोमा सो रकमबाट CEONC सर्जिकल सामाग्री खरिदको ठेक्का प्रकृया सुरु गरिएको साथै उक्त रकमबाट कार्यक्रमका लागि आवश्यक वजेट अपुग भएको हुँदा हाललाई अत्यावश्यक सामाग्री खरिद गरी बाँकी रकम क्रमागत/निरन्तरताका रुपमा माग गर्ने निर्णय पारित गरियो । |
| १३ | जग्गा पास गर्ने सम्बन्धमा | महाकुलुङ गाउँपालिका वडा नं. १ (साविक बुङ गाविस वडा नं. ६) मा अवस्थित देहायका जग्गा यस गाउँपालिकाको प्रशासनिक भवन क्षेत्र विस्तार प्रयोजनको लागि निशूल्क प्रदान गर्ने मञ्जुरी समेत गरेको र उक्त जग्गा गाउँपालिकाको लागि आवश्यक स्थान तथा उपयुक्त स्थानमा रहेको हुँदा महाकुलुङ गाउँपालिकाको नाममा जग्गा पास गर्न आवश्यक प्रक्रिया लागि सम्बन्धित निकायमा सिफारिस लेखी पठाउने निर्णय पारित गरियो ।<br>तपशिल<br>महाकुलुङ गाउँपालिका वडा नं. १ (साविक बुङ गाविस वडा नं. ६) मा अवस्थित श्री प्रिथि वहादुर राईको नाती श्री पदम वहादुर राईको छोरा श्री सुर बिर राईको नाममा रहेको कित्ता नं. ४३६ को १२१० व.मि. क्षेत्रफलमध्ये जग्गाको पूर्वी र उत्तर भागमा पर्ने जग्गा उत्तर तथा पूर्वतिर महाकुलुङ गाउँपालिकाको नाममा रहेको कित्ता नं. ३२३० र पश्चिम दिशामा ३२३१ पर्ने गरी जम्मा ५१० वर्ग मिटर जग्गा कित्ताकाट गरी निशुल्क जग्गा पास गरी लिने । |
| १४ | स्थानीय बाल अधिकार समिति गठन सम्बन्धमा । | क) बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (२) वमोजिम महाकुलुङ गाउँपालिकाको स्थानीय बाल अधिकार समिति देहाय वमोजिम गठन गर्ने निर्णय गरियो ।<br>१) संयोजक — विपना कुलुङ (उपाध्यक्ष)<br>२) सदस्य — एलिसा श्रेष्ठ (कर्मचारी, छैठौं तह)<br>३) सदस्य — निर कुमारी कुलुङ (कार्यपालिका सदस्य)<br>४) सदस्य — दौलित कुलुङ (कार्यपालिका सदस्य)<br>५) सदस्य — अर्चना कुलुङ (वडा नं. ३ वडा सदस्य)<br>६) सदस्य — सचिव — कविता आचार्य (स.म.वि.नि.)<br>ख) बाल कल्याण अधिकारी तोक्ने —<br>यस गाउँपालिकामा स.म.वि.नि. पदमा कार्यरत श्री कविता आचार्यलाई बाल कल्याण अधिकारी तोक्ने निर्णय गरियो । |

हरिधन राई
प्रमुख प्रशासकीय अधिकृत